परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १६१ पृष्ठ ४ २०८० मंसिर १५ गते, शुक्रबार 1 Dec., 2023 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।



समाचार पृष्ठ ३ मा

## नेपाली क्रिकेट टोलीलाई भारतको महाराष्ट्र सरकारले सहयोग गर्ने

## मधेस प्रदेश सरकारका मन्त्री, सचिव र कर्मचारी विदेश भ्रमणमा व्यस्त




● टक नेपाल

जनकपुरधाम । मधेस प्रदेशमा योजना तथा कार्यक्रमहरु अझ सञ्चालनमा आएको छैन । चालु आर्थिक वर्षको पहिलो चौमासिक सकिँदासमेत प्रदेश सरकारको योजना तथा कार्यक्रम पूर्ण रुपमा सुरु भएका छैनन् । भूमि, कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपानेका अनुसार अर्थ मन्त्रालयबाट बजेट सञ्चालन स्वीकृति ढिलो आएकाले अहिलेसम्म योजना तथा कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । उनले दसैं अघिमात्रै अर्थ मन्त्रालयले बजेट सञ्चालन स्वीकृति पठाएको जानकारी दिए । बिचमा दसैं, तिहार र छठ पर्व परेका कारण काम हुन नसकेको उनको भनाइ छ । प्रदेश सरकार मातहतका कुनै पनि मन्त्रालयको विकासे योजना तथा कार्यक्रम अहिलेसम्म सुरु भएको छैन । अरु मन्त्री पनि अर्थ मन्त्रालयबाटै बजेट सञ्चालन स्वीकृति ढिला आउँदा अहिलेसम्म योजना तथा कार्यक्रम सञ्चालन गर्न ढिला भएको बताउँछन् । चालु आर्थिक वर्षको पाँचौं महिना चलिरहँदा प्रदेश सरकार को योजना तथा कार्यक्रमको प्रगति लगभग शून्य छ । चालु आर्थिक वर्षको साउनदेखि मंसिर ७ गतेसम्म मधेस प्रदेश सरकार र मातहत निकायले कुल बजेटको ३.४१ प्रतिशत बजेटमात्रै खर्च गर्न सकेको छ । जसमा चालुतर्फ १.०५ प्रतिशत र पुँजीगततर्फ करिब २ प्रतिशत बजेट खर्च भएको मधेस प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । मधेस प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको कुल बजेट ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार रहेकोमा हालसम्म १ अर्ब ५० करोड ७३ लाख २३ हजार २२ रुपैयाँ ३६ पैसा मात्र खर्च भएको छ । सरकारले पुँजीगततर्फ कुल विनियोजित २५ अर्ब ५३ करोड ९६ लाख ९४ हजार रुपैयाँमध्ये मंसिर ७ गतेसम्म ४९ करोड ७८ लाख ९१ हजार ५६४ रुपैयाँ ६ पैसा खर्च गरेको लेखा नियन्त्रका कार्यालयले जनाएको छ । यस्तै चालुतर्फ रहेको १८ अर्ब ५७ करोड ४९ लाख ३८ हजार बजेटमध्ये साउन १ देखि मंसिर ७ गतेसम्म १ अर्ब ९४ लाख ३१ हजार ४५८ रुपैयाँ ३० पैसा खर्च भएको तथ्याङ्कमा उल्लेख छ । बजेट कार्यान्वयनको अवस्था दयनीय बनिरहँदा प्रदेश सरकारका मन्त्री, सचिव र कर्मचारीहरुलाई विदेश भ्रमण गर्न भ्याइ-नभ्याइ छ । एक सप्ताहभन्दा बढी जापान भ्रमण सकेर हालै फर्केका प्रदेशका अर्थमन्त्री संजयकुमार यादव पुनः अमेरिका भ्रमणमा जान लागेका छन् । उनी कुन कार्यक्रममा अमेरिका जान लागेका हुन् भन्ने खुलेको छैन । तर उनी केही दिनमै अमेरिका जाने कार्यक्रम तय भएको बुझिएको छ । यस्तै श्रम तथा यातायात मन्त्रालयका सचिव रंजित कुमार यादव एक सप्ताह लामो चीन भ्रमण सकेर आएका छन् । अर्थ मन्त्रालयका उपसचिव अजय कुमार लाल कर्ण, लेखा अधिकृत विजय चौधरी करिब १५ दिन पिलिफन्स भ्रमण गरेर दुई दिन अघिमात्रै फर्किएका छन् ।

बाँकी पृष्ठ ३ मा

## नगरपालिकाद्वारा खेलाडीलाई मासिक भत्ता



● टक नेपाल

बर्दिबास । बर्दिबास नगर पालिकाले खेलकुदको विकाश तथा खेलाडीको प्रोत्साहनका लागि मासिक भत्ता दिन सुरु गरेको छ । नगरपालिकाले छनौटमा परेका २२ जना उत्कृष्ट फुटबल खेलाडीलाई यसै मङ्सिर महिनादेखि भत्ता उपलब्ध गराउने भएको हो । खेल क्षमताको आधारमा खेलाडीहरूलाई तीन श्रेणीमा वर्गीकरण गरी सोही अनुरूप मासिक भत्ताका व्यवस्था गरिएको छ । वर्गीकरणअनुसार ‘ए प्लस’ श्रेणीका खेलाडीलाई मासिक १५ हजार ‘ए’ श्रेणीलाई १० हजार तथा ‘बी’ श्रेणीका खेलाडीका लागि मासिक सात हजार रुपियाँ भत्ता दिन सुरु गरिएको बर्दिबास नगर खेलकुद विकाश समितिले जनाएको छ । समितिका अध्यक्षका दीपेन्द्र कुमार शिवभक्तीका अनुसार खेलाडी भत्ताबापत नगर पालिकाको मासिक तीन लाख रुपियाँ खर्च हुनेछ । यसकालागि बर्दिबास नगरपालिका तथा वर्गीकरणमा परेका खेलाडीबिच अभिभावकको रोहवरमा बिहीबार लिखित सम्झौता भएको छ । सम्झौताअनुसार नगरपालिकाले आवश्यक खेल सामग्रीका साथै हरेक महिनाको १० गते खेलाडीलाई तोकिएको भत्ता उपलब्ध गराउने छ भने खेलाडीले सम्झौता पत्रमा उल्लेखित आचारसंहिताको अधीनमा रही नियमित खेल अभ्यास गर्नु पर्ने छ । नगर खेलाडी सम्झौता हस्ताक्षर कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख प्रह्लाद क्षेत्रीले अनुदान कटौतीका कारण नगरपालिका वित्तीय सङ्कटमा परेको अवस्थामा पनि खेलकुदको संस्थागत विकाश तथा खेलाडीको उत्साह र समुन्नतिका लागि मासिक भत्ताको व्यवस्था गरेको बताउनुभयो । “नगरपालिकाले आर्थिक सङ्कटको बाबजुद खेलाडीहरूले बर्दिबासको परिचय र पहिचान बढाउने उद्देश्यले खेलाडीहरूलाई नियमित अभ्यास र उत्कृष्ट खेल प्रदर्शनका लागि मासिक भत्ता दिने व्यवस्था गरिएको हो”, नगरप्रमुख क्षेत्रीले भन्नुभयो । नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत किरणनिधी तिवारी एवं शिक्षा तथा खेलकुद शाखाका अधिकृत रोमन निरौलाले खेलकुदका लागि चालु आवमा नगर पालिकाले विनियोजन गरेको ४० लाख बजेटमध्येबाट भर्पाई हुने गरी खेलाडीलाई मासिक भत्ताको व्यवस्था मिलाइएको बताउनुभयो । मासिक भत्ताले खेलाडीहरूको प्रोत्साहन तथा खेलकुदको संस्थागत विकाशमा योगदान पुग्ने उहाँहरूले बताउनुभयो ।

आजको PDF अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# स्वास्थ्य शिखर सम्मेलनको सार्थकता

नेपाल चिकित्सक संघ (एनएमए) ले आयोजना गरेको दुईदिने तेस्रो स्वास्थ्य शिखर सम्मेलन १६ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । सम्मेलनको मूल एजेन्डा ६ वटा विषयमा केन्द्रित रहेको थियो । सम्मेलनमा स्वास्थ्य क्षेत्रको नीति निर्माण तहदेखि कार्यान्वयन गर्ने, गराउने निकायका जिम्मेवार व्यक्तिहरुको प्रत्यक्ष सहभागिता रहेको थियो । दुई दिनसम्म चलेको सम्मेलनमा सरोकारवाला निकायसँग भएका घनिभूत छलफलबाट निकालिएको निचोडलाई १६ बुँदे घोषणापत्रका रुपमा जारी गरिएको थियो । सम्मेलनमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोशन पोखरेलले सरोकारवाला सांसद तथा मिडियाहरुलाई समेत विषय बुझाउन सक्नुपर्नेमा जोड दिँदै सम्मेलनले निकालेका निष्कर्षहरुलाई पूरा गर्न राज्यका सबै निकाय लाग्नुपर्ने औँल्याउनुभयो । घोषणापत्रमा नेपालको स्वास्थ्य सेवा प्रणालीको विद्यमान अवस्थालाई ध्यानमा राख्ने र तत्कालै आवश्यक स्रोत-साधनहरुको अधिकतम सदुपयोग गरी प्राकृतिक विपत्तिबाट हुने थप क्षतिबाट बचाउन पहल गर्ने, स्वास्थ्यका विषयमा दीर्घकालीन रणनीति बनाउनेजस्ता कुरा समाहित गरिएको छ । त्यस्तै जनशक्तिको तयारी, पूर्वाधारको विकास तथा औषधि उपचारका लागि आवश्यक पर्ने औजारहरुको पर्याप्त व्यवस्थापन गर्न आवश्यक पहल गरिनुपर्ने कुरासहित महामारीपछि प्रयोग भएका स्रोत-साधनको एकीकृतरुपमा व्यवस्थापन गर्ने विषय पनि सम्मेलनमा उठान गरिएको थियो । यसका साथै महामारीका बेला प्राप्त स्रोत-साधन र सहयोगलाई व्यवस्थित गर्ने अनि आवश्यक पर्दा पुनः प्रयोगमा ल्याउन सक्नुपर्नेमा जोड दिइएको थियो । यस्ता विषयमा सरकार र सरोकारवाला निकायको ध्यान पुग्नु जरुरी छ । यति बेला जाजरकोटमा गएको भूकम्पपीडितका नाममा प्रधानमन्त्री कोषमा स-साना विद्यार्थीले समेत खाजाका लागि अभिभावकले दिएको पैसा जम्मा गरेर प्रधानमन्त्रीलाई हस्तान्तरण गरेका छन् । यस्तो सहयोग पीडितलाई समयमै राहत पुग्ने गरी हस्तान्तरण गरियोस् भन्ने सबैको चाहना हो । जाजरकोटमा चिसोका कारण बालबालिका, सुत्केरी महिला, ज्येष्ठ नागरिकको धमाधम मृत्यु भएको समाचार बाहिरिएको अवस्था छ । त्यसैले चिसोबाट बचाउन सुरक्षित बासको व्यवस्थाका लागि नेपाली सेना, सशस्त्र प्रहरीहरुलाई प्रयोग गरी त्यहीँको स्थानीय स्रोत-साधनबाट चाँडोभन्दा चाँडो ओतको व्यवस्था गर्नेतर्फ ध्यान दिइयोस् । स्वास्थ्य सुरक्षाका लागि नभई नहुने गाँस, बास र कपासको व्यवस्थाका लागि सरकारले ध्यान पुऱ्याउनुपर्ने कुरासमेत सम्मेलनमा उठेको थियो । सम्मेलनले चारवटा मुख्य आधारस्तम्भहरु निचोडका रुपमा निकालेको छ । यसलाई सरकारले आत्मसात् गरोस् र नागरिकको स्वास्थ्यमा समस्या नआओस् । घोषणापत्रमा प्रस्तुत यस्ता विषयवस्तु अर्को सम्मेलनसम्म पूरा गर्नेतर्फ निकाय लाग्यो भनेमात्र यो सम्मेलनको सार्थकता भएको मानिनेछ । त्यसैले यसतर्फ सम्बन्धित निकायको ध्यान जाओस् ।

# टिकटक प्रतिबन्धले एनसेललाई दैनिक १ करोडभन्दा बढीको घाटा

● टक नेपाल

काठमाडौं । टिकटकमाथि प्रतिबन्ध लगाउने सरकारको निर्णयका कारण निजी मोबाइल सेवा प्रदायक कम्पनी एनसेललाई दैनिक एक करोड रुपैयाँको घाटा हुन पुगेको छ । टेकपानालाई प्राप्त जानकारी अनुसार कम्पनीको आन्तरिक विश्लेषणबाट टिकटक प्रतिबन्धको असर स्वरूप एनसेलको डेटा तर्फको आम्दानीमा ठूलो धक्का लागेको हो । गत २७ कात्तिकमा बसेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले सामाजिक सद्भाव र सामाजिक वातावरणमा नकारात्मक असर पारेको भन्दै टिकटकमाथि तत्काल रोक लगाउने निर्णय गरेको थियो । सोही निर्णयको आधारमा नियामक नेपाल दूरसञ्चार प्राधिकरणले देशमा रहेका टेलिकम कम्पनी र इन्टरनेट सेवा प्रदायकलाई टिकटकमाथि प्रतिबन्ध लगाउन बाध्य पारेको छ । "टिकटक प्रतिबन्धले गर्दा हाम्रो डेटा तर्फको आम्दानी दैनिक एक करोडले घट्ने देखियो," एनसेल स्रोतले टेकपानासँगको कुराकानीमा भन्यो, "यो प्रतिबन्ध जारी रहेको खण्डमा वार्षिक तीन अर्ब रुपैयाँभन्दा बढीको बिजनेस गुम्ने निश्चित छ ।" टिकटक नेपालमा सर्वाधिक लोकप्रिय सामाजिक सञ्जाल हुनुका साथै यसले देशको कूल इन्टरनेट ब्यान्डविथ मध्ये ३०




देखि ३५ प्रतिशत खपत गर्दै आएको थियो । मोबाइल सेवा प्रदायकको डेटा व्यवसायमा भने टिकटकको योगदान ४० प्रतिशत हाराहारी रहेको नेपाल टेलिकमका प्रवक्ता शोभन अधिकारीले बताए । "अकामाईको सीडीएनमा ८० प्रतिशत क्याश डेटा टिकटककै रहेको थियो, जसका लागि हामीले पैसा पनि तिर्नु पर्दैन थ्यो," अधिकारीले भने, "अन्तर्राष्ट्रिय ब्यान्डविथ समेत गर्दा टिकटकको योगदान ४० प्रतिशत थियो ।" उनका अनुसार टिकटक डेटा बिजनेसमा मुख्य 'कन्ट्रिब्युटर' तथा 'कन्टेन्ट' (इन्टरनेट सामग्री) रहेकोमा त्यसमाथि प्रतिबन्ध लाग्दा अवश्य पनि त्यसको केही असर कम्पनीको व्यवसायमा पर्न सक्छ । "तर आम्दानीमा कति असर पर्छ भन्ने कुराको लेखाजोखा भने गरिसकेका छैनौं," उनले अगाडि भने, "टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय सरकारले नै गरेकाले हामीले मान्नैपर्ने हुन्छ ।" एनसेलको आन्तरिक विश्लेषणलाई आधार बनाउँदा टिकटकमाथिको प्रतिबन्ध कायम रहेको खण्डमा नेपाल टेलिकम र एनसेल गरी दुवै कम्पनीको कूल वार्षिक आम्दानी छ अर्ब हाराहारीले घट्ने देखिन्छ । जसमा राज्यले प्राप्त गर्ने रोयल्टी, भ्याट, दूरसञ्चार सेवा शुल्क, ग्रामीण दूरसञ्चार विकास कोष लगायत गरी अढाई अर्बको घाटा राज्यलाई समेत पर्नेछ । एनसेलको वित्तीय विवरण अनुसार कम्पनीले पछिल्लो एक वर्षमा ३७ अर्ब ८८ करोड ३३ लाख ८० हजार रुपैयाँ आम्दानी गरेको थियो । सन् २०२३ को तेस्रो त्रैमासिक अवधिमा एनसेलको कूल आम्दानीमध्ये ३५ प्रतिशत आम्दानी डेटातर्फ रहेको छ । यस हिसाबले टिकटक प्रतिबन्ध नहुँदाको अवस्थामा अबको एक वर्षमा एनसेलको आम्दानी गत वर्षकै समान हुने अनुमान गर्दा त्यसको ३५ प्रतिशत अर्थात् १३ अर्ब २५ करोड ९१ लाख ८३ हजार रुपैयाँ डेटा बिक्रीबाट आउनेछ । टिकटक प्रतिबन्ध जारी रहँदाको अवस्थामा कम्पनीले त्यसको ४० प्रतिशत अर्थात् पाँच अर्ब ३० करोड ३७ लाख रुपैयाँको व्यवसाय गुमाउने देखिन्छ । त्यस्तै नेपाल टेलिकमको प्रतिवेदन आर्थिक वर्ष २०७९/०८० मा कम्पनीको कूल सञ्चालन आय ३६ अर्ब ८० करोड ३९ लाख ३१ हजार रुपैयाँ रहेको थियो । सोही त्यसको ३५ प्रतिशत डेटा तर्फको आम्दानी मान्ने हो भने १२ अर्ब ८८ करोड १४ लाख रुपैयाँ हुन आउँछ । टिकटकले खपत गरिरहेको ४० प्रतिशत डेटा तर्फको व्यवसाय गुमाउँदाको अवस्थामा टेलिकमको वार्षिक आम्दानीमा पाँच अर्ब १५ करोड रुपैयाँले गिरावट आउने सम्भावना देखिन्छ । प्रविधिको विकासले गर्दा टेलिकम कम्पनीहरूको भ्वाइस तथा कल तर्फको आम्दानी घट्दो छ । तर डेटा खपत बढ्दै गए पनि घट्दै गएको आम्दानीलाई पूर्ण रूपमा भरथेग गर्न भने सकिरहेको छैन । डेटातर्फको आम्दानी बढाउनु पर्ने बाध्यतामा रहेका टेलिकम कम्पनीहरूलाई मुख्य कन्टेन्टको रूपमा रहेको टिकटक माथि नै प्रतिबन्ध लागेपछि अर्को चुनौती थपिएको हो । टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय विरुद्ध सर्वोच्च अदालतमा दायर विभिन्न १४ ओटा रिट विचाराधिन अवस्थामा रहेका छन् । यही १९ मंसिरमा तोकिएको पेसीबाट सो उपर फैसला आउने अपेक्षा गरिएको छ ।







## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। | तुला | प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। |
| बृष | परिस्थितिवश आफ्नै वचनबद्धता पालना गर्न नसक्ने स्थिति र हनेछ। | वृश्चिक | केही बाध्यात्मक परिस्थितिले काममा अलमल्याउन सक्छ। |
| मिथुन | रचनात्मक काम प्रारम्भ गर्ने समय छ। | धनु | फुर्सद तथा मनोरञ्जनको समय छ। |
| कर्कट | आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। | मकर | चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। |
| सिंह | दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। | कुम्भ | सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। |
| कन्या | नयाँ कामले नाम र दाम दिलाउनेछ। | मीन | छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# नेपाली क्रिकेट टोलीलाई भारतको महाराष्ट्र सरकारले सहयोग गर्ने

• टक नेपाल

मुम्बई । भारतको महाराष्ट्र सरकारले नेपालको क्रिकेट विकासमा सहयोग गर्ने प्रतिबद्दता जनाएको छ । महाराष्ट्र प्रदेशका उपमुख्यमंत्री देवेन्द्र फडणवीसले बिहीबार नेपालका पत्रकारसँगको अन्तरक्रियामा नेपालको क्रिकेटको विकास, खेलाडीको क्षमता अभिवृद्धि र दुई देशबीचको म्याच गराउन सहयोग गर्ने प्रतिबद्धता जनाएका हुन् । मुम्बई भ्रमणमा आएको नेपालका पत्रकारको टोलीसँग उपमुख्यमंत्री फडणवीसले भारतीय र नेपाली क्रिकेट टोलीसँगको म्याच गराउने विषयमा मध्यस्थता समेत गर्ने बताए । 'नेपालको तर्फबाट औपचारिक रूपमा प्रस्ताव आएमा हाम्रो महाराष्ट्र सरकारले मध्यस्थता गरेर मुंबई क्रिकेट एकेडेमी मार्फत नेपालको लागि आवश्यक सहयोग गर्नेछौं' उनले भने, 'नेपाली क्रिकेटरहरुलाई मुम्बईमा प्रशिक्षण, व्यावसायिक रूपमा क्रिकेट खेल्ने अवसर, दुई पक्ष बीचको प्रतिस्पर्धा गराउन महारष्ट सरकारले मध्यस्थता गर्नेछ । नेपाली क्रिकेटलाई सहयोग गर्न चाहन्छौं ।' उपमुख्यमंत्री कार्यालयमा नेपाली पत्रकारको १६ जना टोलीसँग अन्तर्क्रिया भएको थियो । स्वतन्त्र युवा प्रजातान्त्रिक संघको आयोजनामा १६ पत्रकार भारत भ्रमणमा छन् । अन्तर क्रियामा सो संस्थाका अध्यक्ष अरबिन्द महतोले महाराष्ट्र सरकारको सहयोगले नेपालको खेल क्षेत्रले थप फड्को मार्ने विश्वास व्यक्त गरे । उनले नेपालको विभिन्न क्षेत्रमा भार तले गर्दै आएको सहयोगको प्रसंशा गर्दै धन्यवाद व्यक्त गरे । उपमुख्यमंत्री देवेन्द्र फडणवीसले भारतमा रहेका नेपाली मजदुरको समस्या समाधानमा समेत पहल कदमी लिने बताए । नेपाल भारत सम्बन्ध थप उचाइमा लैजान आफूले सकेको कदम चाल्ने पनि उनले बताए ।

# मधेस प्रदेश सरकारका मन्त्री...

मुख्यमन्त्री तथा मन्त्रिपरिषदका कार्यालयका कानुन सचिव तथा पूर्व मुख्यसचिव किशोर चौधरी र प्रदेश सभाका अधिकृत दिपेन्द्र यादव पनि केही दिन अघि मात्रै चीनको भ्रमण गरेर आएका छन् । चालु आर्थिक वर्षको बजेट खर्चका लागि अर्थ मन्त्रालयले मधेस प्रदेश सर कार मातहतका मन्त्रालयहरुको नाममा सार्वजनिक गरेको ६२ बुँदे बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको ३८ नम्बर बुँदामा तलब भत्ता बाहेक अधिकांश बजेट शीर्षकको विनियोजित बजेट खर्चमा आफ्नो पूर्व स्वीकृति लिनुपर्ने प्रावधान राखेको थियो । मागर्दशनमा निर्मित भवनको संरचनात्मक सुधार, पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण, पुँजीगत परामर्श, फर्निचर तथा फिक्चर्स, मेसिनरी तथा औजार, सिप विकास तथा जनेचतनामूलक तालिम तथा गोष्ठी सम्बन्धी खर्च, कार्यक्रम खर्च, विविध कार्यक्रम खर्च र अन्य संघ संस्थाहरूलाई अनुदान लगायतका खर्चहरू गरेमा अर्थ मन्त्रालयसँग मन्त्रालयहरुले पूर्वस्वीकृति लिनुपर्ने उल्लेख छ । तर विदेश भ्रमण र अनावश्यक खर्च सम्बन्धमा अर्थ मन्त्रालय नै मौन छ । मुख्यमन्त्री सरोज कुमार यादव नेतृत्वको मधेस प्रदेश सरकार गठन भएको एक वर्ष पुग्न लागेको छ । यो अवधिमा प्रदेश सरकारले न विकास निर्माणलाई अगाडि बढाउन नसकेको छ, न कानुन निर्माणलाई नै गति दिन सकेको छ । मुख्यमन्त्री यादवले प्रदेश सभाको पाँचौ वार्षिकोत्सवमा मधेस सरकारले बुलेट ट्रेनको स्पिडमा काम गर्ने बताएका थिए । तर प्रदेश सरकारले गरेको खर्चको प्रगति हेर्दा सरकारले विनियोजन गरेको बजेट एक महिनामा १ प्रतिशत पनि खर्च भएको देखिँदैन । आर्थिक वर्ष २०७९-०८० मा मधेस प्रदेश सरकारले ४७ अर्ब २ करोड ५० लाख ५२ हजार ११७ रुपैयाँ बजेट विनियोजन गरेकोमा २७ अर्ब ३३ लाख १२ हजार ८८८ रुपैयाँ ५२ पैसामात्र खर्च भएको थियो । अर्थात् कुल बजेटको ५८.५८ प्रतिशत रकम खर्च भएको थियो । यस्तै आर्थिक वर्ष २०७८-०७९ मा ३४ अर्ब ८८ करोड ९८ लाख १० हजार बजेटमध्ये १७ अर्ब ७६ करोड ३६ लाख ७५ हजार ७४९ रुपैयाँ बजेटमात्र खर्च भएको थियो । संघीय सरकारले बजेटमा काखापाखा गरेको आरोप लगाउँदै आएको मधेस प्रदेश सरकारले बजेट खर्चको ग्राफलाई बढाउन सकेको छैन ।

Regd. No: 1051/
SWC Affiliation no: 51906

सम्भव possible

**Vacancy Announcement**

**Research Outcome Assessors**

POSITION DESCRIPTION

Possible, a non-governmental organization registered in Nepal, engages in rigorous and collaborative research and innovation to address evidence, implementation, and policy gaps in the equity, quality and accessibility of healthcare. We are seeking **Research Outcome Assessors (ROAs)** to support a type II hybrid implementation effectiveness study of BECOME (BEhavioral Community-based COmbined Intervention for MEntal Health and Noncommunicable Diseases) behavioral intervention.

**Reports to:** Research Coordinator
**Works collaboratively with:** Bardibas Municipality
**Location and number of positions:** The study will take place in Bardibas Municipality, and we are looking for 10 ROAs.
**Duration**: Annual contract subject to renewal
**Nature of engagement:** Part-time (50% FTE)- ROAs will primarily work during morning hours as per the trial protocol.

**Big Three Responsibilities:**

The ROAs will be responsible for the following duties but not limited to:

- Recruit participants, administer baseline and follow up assessments to measure research outcomes in accordance with the trial protocol
- Contribute in regular data validation and quality assurance process
- Support in coordination and documentation including recording, referring and following up any untoward/adverse events in the study

Please see the details of the responsibilities
**https://drive.google.com/uc?export=download&id=1zSDmSAsgdiclnxSq19YO5J1YV4xqz7Ly**

MUST HAVES:

- Flexibility regarding travel within the study sites, and willing to work in the morning hours as per the trial protocol;
- Experience of working in data collection as enumerator/interviewer using RedCap/Kobo/CommCare or other digital data collection platform
- Qualification: Proficiency Certificate level in Nursing/Health Assistants. Preference will be given to those studying Bachelors in Public Health/Nursing/Psychology and are available to work part-time.
- Fluency in written and spoken Nepali and/or **Maithili** (Preference will be given to local residents of study site)

APPLICATION PROCESS:
If you are interested to apply for this position, please email your CV and Cover Letter to **recruitment@possiblehealth.org**. ***When applying please include name and position in the subject line and please specify the location (Bardibas) that you have applied for in the Cover Letter.*** Applications will be accepted until **6th December 2023**.

Naxal-01, Kathmandu, Nepal ▪ www.possiblehealth.org ▪ 9822999300 ▪ e:answers@possiblehealth.org









# मधेश प्रदेशसभाको रिक्त दुई समितिको सभापति निर्वाचित



• टक नेपाल

बर्दिबास। मधेश प्रदेश सभामा रिक्त रहेको दुई वटा समितिले आज सभापति प्राप्त गरेको छ। दलीय सहमतिको आधारमा नेपाली काँग्रेस तथा नेकपा एकीकृत समाजवादी पार्टीले ती दुई समितिका सभापति पाएका छन् । एक वर्ष पछि प्रदेश सभाको कृषि तथा भूमि व्यवस्था समितिको सभापति पदमा नेपाली काँग्रेसका प्रदेश सभाका सदस्य संजय कुमार यादव र प्रदेश मामिला समितिको सभापतिमा नेकपा एकीकृत समाजवादी पार्टीका तर्फबाट रत्नेश्वर लाल गोईत सर्वसम्मतिले निर्वाचित हुनु भएको छ । नव निर्वाचित हुनु भएका सभापतिहरूलाई प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भएको छ । नव निर्वाचित सभापतिलाई सभामुख मण्डल सहित प्रदेश सभाका सदस्यहरु तथा विभिन्न दलका नेताहरूले सफल कार्यकालका लागि शुभकामना दिँदै स्वागत गर्नु भएको छ ।

# सिन्धुलीमा ट्रकमा एम्बुलेन्स ठोक्किँदा, महोत्तरीका पाँच जना घाइते

• टक नेपाल

बर्दिबास । सिन्धुलीमा ट्रकमा एम्बुलेन्स ठोक्किँदा पाँच जना घाइते भएका छन् । सिन्धुलीबाट रामेछापका लागि छुटेको ज १ च ८२४ नम्बरको एम्बुलेन्स गोलन्जोर गाउँपालिका-७ को माथिल्लो बारामा सडक छेउमा रोकिराखेको ट्रकसँग ठोक्किएको हो । एम्बुलेन्समा रहेका महोत्तरीका पाँच जना घाइते भएका र सबैलाई उपचारका लागि काठमाण्डौ पठाइएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनाएको छ । एम्बुलेन्स चालकलाई प्रहरीले पक्राउ गरेको छ ।

## घर भाडा सम्बन्धी सूचना

महोत्तरीको बर्दिवास नगरपालिका वडा नं. १ अर्थात जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीको अगाडि रहेको भवन खालि भएको हुदाँ भाडामा लिन चाहनु हुने व्यक्ति वा कुनै पनि संघ संस्थाले विस्तृत जानकारी एवं उक्त स्थान अवलो कनको लागि तपशिल बमोजिमका ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

**घरधनीको नाम : एम प्रसाद दहाल**
**ठेगाना : बर्दिवास नगरपालिका वडा नं. १**
**मो. ९८५४०२४०२४**

## काप्र पण्डितको मालपोत मोह :
# सरुवा भएको महिना दिन, रमाना लिन अनाकानी

• टक नेपाल




राजविराज । कर्मचारी र लेखापढी व्यवसायी मिलेर भूमिसुधार तथा मालापोत कार्यालय, राजविराजलाई घुसखोरीको अड्डा नै बनाएको आरोप लागेको बेला कार्यालय प्रमुखको सरुवा भएको एक महिना हुन लाग्दा पनि रमाना लिन अनाकानी गर्ने गरेको पाइएको छ । 'टक नेपाल'लाई प्राप्त पत्रअनुसार शाखा अधिकृत (रा.प.तृतीय) कार्यालय प्रमुख शिवशरण पण्डितको गत कार्तिक १५ गते नै जिल्ला प्रशासन कार्यालय, रौतहट पदस्थापन भइसकेको छ । 'मन्त्रालयको मिति ०८० कार्तिक १५ को निर्णयानुसार निजामती सेवा ऐन, २०४९ को दफा १५९१० बमोजिम तपाईलाई देहाय अनुसार पदस्थापन गरिएको', गृह मन्त्रालयको निजामती कर्मचारी प्रशासन शाखाले सोही मितिमा ४-३७१ चलानी नम्वर उल्लेख गरी पत्र पठाएको छ । तर, एक महिना हुन लाग्दा पनि कार्यालय प्रमुख पण्डितले रमाना लिन मानेको छैन् । 'मालपोतमा घुस विना कामै हुँदैन' बेलाबखत सेवाग्राहीले खुलेरै गुनासो गर्ने गरेको देखिन्छ । तर, कारबाही गर्ने-गराउनेतर्फ सरोकारबाला उदासिन देखिन्छ । पछिल्लो पटक गत सोमबार मात्रै जिल्लाको महादेवा गाउँपालिका-४ का योगेन्द्र प्रसाद साहले लेखापढी व्यवसायी र कर्मचारीको रबैयाले पीडित बनेको भन्दै जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए । उनले गत आइतवार बुबा, आमाको नाममा दर्ता रहेको जग्गा नियमअनुसार सबै प्रक्रिया पुर्याएर आफ्नो नाममा जग्गा नामसारी गराउन खोज्दा मालपोतका कर्मचारी (खरिदार) महेश यादवले फायल हेरी अनाहकमा लोखापढी संघको नगदी रसिद काट्न लगाएको बताए । सो रकम के-का लागि हो भनेर सोध्दा फायल नै फ्याकेर हप्काएपछि आफुले बाध्य भएर ५ हजारको रसिद काट्नु परेको गुनासो गरे । साहले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएशन मालपोत इकाई समिति, राजविराजका पदाधिकारी तथा कर्मचारीलाई कारबाही गरी सो रकम फिर्ता गराइ दिन प्रमुख जिल्ला अधिकारीसमक्ष माग राखे । हुन त नेपाल सरकारले ०७८ मंसिर १५ गतेदेखि नै भू-सेवा (कम्प्युटर प्रणाली) मार्फत मालपोतका सबै कामकाज गराउने व्यवस्था मिलाएको छ भने सो अनुसार मालपोत सप्तरीमा समेत ०८० साउनदेखि भु-सेवाबाटै काम काज हुँदै आएको छ । तर, केही कर्मचारीहरुले घुसखोरीलाई सुरक्षित गर्नका लागि लेखापढी व्यवसायीलाई नै प्रयोग गर्दै आएकोले नियम विपरित कार्यालय परिसरभित्रै अड्डा जमाएका लेखापढीहरुले खुलेयाम असुली गर्दै आएको कर्मचारी श्रोतले नै बताउँछन् । 'तल्लो कर्मचारीलाई मासिक २० देखि ५० हजार रुपैयाँसम्म उतैबाट आउँछ' नाम नछाप्ने सर्तमा उनले भने, 'माथिल्लो कर्मचारी र अन्य संरक्षकलाई पनि मासिक रुपमै पुग्छ ।' कार्यालय प्रमुख पण्डितले डिजीकै आग्रहमा मालपोत राजविराज आएको साढे तीन महिनामै पदस्थापन गरिएको भन्दै आक्रोश व्यक्त गरे । 'तर, रमाना लिन्नँ, जबसम्म कुनै अधिकृतस्तरका कर्मचारी यहाँ आउँदैन, तबसम्म म रमाना लिन्नँ । छाप्नु छ भन्ने छाप्नू ।' लेखापढी व्यवसायीको कामै नरहेको पनि कार्यालय प्रमुख पण्डितले स्वीकार गरे ।

प्रो. सुरेश चौधरी
मो. ९८५११०९९१९, ९८०६८००९१९
श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र
बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)



यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com